गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास कार्यालय
लमजुङ

## सवारी साधन भाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३।०४।१४

यस कार्यालयको कार्यालय प्रयोजन तथा योजना अनुगमनका लागि एक (१) थान चार पाङ्ग्रे सवारी साधन पिकअप 4WD आवश्यक परेकोले तपशिलमा उल्लेखित मापदण्ड र शर्तको अधीनमा रही ईच्छुक सवारी साधन धनीहरुले यो सूचना प्रकाशित भएको सात (७) दिनभित्र दिन चाहेको मासिक भाडा सहित शिलबन्दी दरभाउ पत्र तपशिलको ढाँचामा यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | सवारीधनीको नाम, ठेगाना रसम्पर्क नम्बर | सवारीको नाम | सवारी नं. र सवारी मोडल | चालकको नाम र लाइसेन्स नं. | करसहित मासिक भाडा रकम अंक र अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**मापदण्डहरु :**

१.पिक अप (Four Wheeler)

२.कम्तिमा ५ सिट क्षमता भएको

३.मोडल २०२२ वा सोभन्दा पछाडीको

**शर्तहरु :**

१. सवारी साधन चालकको पारिश्रमिक तथा अन्य सेवा सुविधा र सवारी नियमित मर्मत सम्भार, सर्भिसिङ, नियमित कर तथा बिमा लगायत सम्पूर्ण दायित्व स्वयम सवारी धनीले व्यहोर्नु पर्नेछ ।
२. सवारी चालक सवारीधनीले उपलब्त्र गराउनु पर्नेछ ।
३. सवारी साधन कार्यालय प्रयोजनमा प्रयोग हुँदाको डिजल/पेट्रोल कार्यालयले उपलब्ध गराउने छ ।
४. सवारी साधन सम्झौता अवधिभर कार्यालयको अधीन र प्रयोगमा रहनेछ ।
५. सवारी धनीले कार्यालयलाई आवश्यक परेको बखतमा जुनसुकै बखत (सातै दिन ) सेवा उपलब्ध गराउनु पर्नेछ ।
६. सवारीको अवस्था र चालकको चालचलन राम्रो भएमा पुन अर्को आ.व. मा म्याद थप गर्न सकिनेछ ।
७. भाडामा लिने सम्बन्धी अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।
८. अन्य शर्तहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**पेश गर्नु पर्ने कागजातहरु :**

१. कर सहितको मासिक भाडादरको सिलबन्दी दरभाउपत्र ।
२. नवीकरण भएको ब्लुबुकको प्रतिलिपि ।
३. सवारी चालकको अनुमतिपत्रको प्रतिलिपि ।
४. बिमालेखको प्रतिलिपि, सवारी धनीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

शोभियत खड्का
सि.डि.ई.